**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०२ जून २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी र म्यानमारका राष्ट्रपति ओ मिन आङ ह्लिङले हिजो, विकास सहायता, सांस्कृतिक आदानप्रदान र क्षेत्रीय अवस्था लगायतका द्विपक्षीय मुद्दाहरूको विषयमा  व्यापक चर्चा गर्नुभएको छ ।

- केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजोदेखि  भारत-ओमान व्यापक आर्थिक साझेदारी सम्झौता (CEPA) लागू भएको घोषणा गर्नुभएको छ।

- उत्तराखण्डको चमोली जिल्लामा अवस्थित युनेस्को विश्व सम्पदा स्थल, फूलहरूको उपत्यका, पर्यटकहरूका लागि पुनः खोलिएको छ।

- भारतले जुन ११ देखि नयाँ दिल्लीमा दुई दिने १३ औं ब्रिक्स शहरीकरण फोरमको आयोजना गर्नेछ।

- जापानमा भएको पुरुष अण्डर-१८ हक्की एसिया कपमा हिजो भारतीय टोलीले पूल ए को खेलमा कोरियालाई ४-१ ले पराजित गर्‍यो।

**विदेश सचिव-मिश्री**

प्रधानमन्त्री नरेन्द्र मोदी र म्यानमारका राष्ट्रपति ओ मिन आङ ह्लिङले हिजो व्यापार र आर्थिक सम्बन्ध, रक्षा र सुरक्षा मुद्दाहरू, सीमा व्यवस्थापन, विकास सहायता, सांस्कृतिक आदानप्रदान र क्षेत्रीय अवस्था लगायतका द्विपक्षीय मुद्दाहरूको पूर्ण दायरामा व्यापक चर्चा गर्नुभएको छ ।वार्तापछि नयाँ दिल्लीमा पत्रकारहरूलाई विदेश सचिव विक्रम मिश्रीले भन्नुभयो- दुवै पक्षले भारत-म्यानमार साझेदारीलाई विशेष गरी व्यापार, लगानी र ऊर्जामा सुदृढ पार्न सहमत भएका छन्।

**BYTE-**

**गोयल - भारत-ओमान CEPA**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजोदेखि  भारत-ओमान व्यापक आर्थिक साझेदारी सम्झौता (CEPA) लागू भएको घोषणा गर्नुभएको छ। यो सम्झौता छ महिना अघि हस्ताक्षर भएको थियो। नयाँ दिल्लीमा पत्रकारहरूलाई सम्बोधन गर्दै श्री गोयलले भन्नुभयो-

**बाईट SI**

**भारत-अमेरिका व्यापार वार्ता**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत र अमेरिकाबीचको व्यापार सम्झौताको पहिलो चरणका अधिकांश बुँदाहरूमा सहमति भएको बताउनुभएको छ। सम्झौतालाई अब अन्तिम रूप दिइँदैछ। अमेरिकी टोली वार्ताका लागि 4 जुनसम्म दिल्लीमा छ। भारतको तर्फबाट वाणिज्य विभागका अतिरिक्त सचिव दर्पण जैन प्रमुख वार्ताकार हुन् भने अमेरिकी टोलीको नेतृत्व ब्रेन्डन लिन्चले गरिरहेका छन्।दुई पक्षले 3 फेब्रुअरीमा सम्झौताको पहिलो चरणको रूपरेखा घोषणा गरे। सम्झौता भएपछि, 7 फेब्रुअरीमा संयुक्त घोषणापत्र जारी गरिएको थियो। अब, सम्झौताको कानुनी पक्षहरूलाई अन्तिम रूप दिइनेछ। गत आर्थिक वर्षमा अमेरिका भारतको दोस्रो ठूलो व्यापारिक साझेदार थियो।

**भाजपा - १२ वर्षे बैठक**

भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनले हिजो नयाँ दिल्लीमा वरिष्ठ पार्टी अधिकारी र कार्यकर्ताहरूसँग बैठक गर्नुभयो।बैठकपछि पार्टीका सांसद तथा प्रवक्ता डा. सम्बित पात्राले सञ्चारमाध्यमलाई बताएअनुसार बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको केन्द्र सरकारको १२ वर्षको कार्यकाल पूरा भएको, संगठनको विस्तार भएको र समाजका विभिन्न वर्गमा पार्टीको पहुँच बढाउने भावी योजनाहरूको बारेमा छलफल गरिएको थियो।डा. पात्राले केन्द्रीय सरकारले १२ वर्ष पूरा गरिरहेको र यस अवधिमा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देशले विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति गरेको बताउनुभयो।उहाँले भन्नुभयो -आज भारतीय जनता पार्टी र राष्ट्रिय जनतान्त्रिक गठबन्धनले देशका २२ राज्यहरूमा सरकार चलाउने अवसर पाएको छ।

**उत्तराखण्ड - फूलहरूको उपत्यका**

उत्तराखण्डको चमोली जिल्लामा अवस्थित युनेस्को विश्व सम्पदा स्थल, फूलहरूको उपत्यका, पर्यटकहरूका लागि पुनः खोलिएको छ। वन विभागले पर्यटकहरूलाई उपत्यकाको समृद्ध जैविक विविधता र दुर्लभ वनस्पति संरक्षणमा सहयोग गर्न अपील गरेको छ। हाल, उपत्यका तीन सय भन्दा बढी प्रजातिका फूलहरू र दुर्लभ वनस्पतिहरूको घर हो। उपत्यका ३१ अक्टोबर सम्म पर्यटकहरूका लागि खुला रहनेछ।

फूलहरूको उपत्यका दुर्गम भौगोलिक क्षेत्रमा अवस्थित छ। मौसम र सुरक्षा आवश्यकताहरूलाई ध्यानमा राख्दै पर्यटकहरूका लागि आवश्यक दिशानिर्देशहरू जारी गरिँदैछ।

**नागाल्याण्ड - जनगणना प्रशिक्षण**

नागाल्याण्डले २०२७ को जनगणनाको तयारीका लागि क्षेत्र प्रशिक्षकहरूको प्रशिक्षण सफलतापूर्वक सम्पन्न गरेको छ। २० मई देखि २९ मई सम्म आयोजित प्रशिक्षण कार्यक्रममा राज्यका सबै १७ जिल्लाका १३० प्रशिक्षकहरूले भाग लिएका थिए। प्रशिक्षण चार ब्याचमा तीन दिनसम्म चलेको थियो।

यी प्रशिक्षित क्षेत्र प्रशिक्षकहरूले अब यही जुन महिनामा नागाल्याण्डका १५७ उप-जिल्ला, नगरपालिका र शहरहरूमा जनगणना पर्यवेक्षक र गणनाकर्ताहरूलाई प्रशिक्षण दिनेछन्।राज्यमा जनगणना कार्यको लागि ६,००० भन्दा बढी सरकारी अधिकारीहरू तैनाथ हुने अपेक्षा गरिएको छ।

**ब्रिक्स शहरीकरण-मनोहर लाल**

भारतले जुन ११ देखि नयाँ दिल्लीमा दुई दिने १३ औं ब्रिक्स शहरीकरण फोरमको आयोजना गर्नेछ। शहरीकरण फोरमको विषयवस्तु 'जनता के लिए शहर : समावेशी और लचीले शहरी भविष्य के लिए ब्रिक्स सहयोग' हुनेछ। आवास तथा शहरी मामिला मन्त्री मनोहर लालले हिजो नयाँ दिल्लीमा पत्रकार सम्मेलनमा यो घोषणा गर्नुभएको हो।श्री मनोहर लालले भन्नुभयो- यसले शहरहरूको योजना, शासन र विकासमा जनताको मूल्याङ्कन गर्ने भारतको दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ। उहाँले भन्नुभयो- यो त्यस्तो समयमा आयोजना भइरहेको छ जब धेरै ब्रिक्स देशहरूले द्रुत शहरी वृद्धि अनुभव गरिरहेका छन् र आवास, गतिशीलता, जलवायु जोखिम, नगरपालिका क्षमता, शहरी वित्त, र सेवा वितरण जस्ता साझा चुनौतीहरूको सामना गरिरहेका छन्।

**अरुणाचल प्रदेशका - सम्मान समारोह**

अरुणाचल प्रदेशका उपमुख्यमन्त्री चोवना मीनले नामसाईको बहुउद्देश्यीय सांस्कृतिक हलमा कक्षा १० र १२ का मेधावी विद्यार्थीहरूको सम्मान समारोहमा भाग लिनुभ्यो। भेलालाई सम्बोधन गर्नुहुँदै, उपमुख्यमन्त्रीले मेधावी विद्यार्थीहरूलाई उनीहरूको शैक्षिक उपलब्धिहरूको लागि बधाई दिनुभयो र उनीहरूको समर्पण, कडा परिश्रम र लगनशीलताको प्रशंसा गर्नुभयो।उहाँले विगत केही वर्षहरूमा राज्यमा शिक्षाको क्षेत्रमा भएको उल्लेखनीय प्रगतिको उल्लेख गर्नुभयो।

**पुडुचेरी-ओएमसी**

सार्वजनिक क्षेत्रका तेल कम्पनीहरूले पुडुचेरीमा पेट्रोल, डिजेल वा खाना पकाउने ग्यासको कुनै अभाव नभएको र केन्द्र शासित प्रदेशभरि आपूर्ति सामान्य रहेको स्पष्ट पारेका छन्। तमिलनाडु र पुडुचेरीमा तेल उद्योगका राज्य-स्तरीय संयोजकले पेट्रोलियम उत्पादनहरूको पर्याप्त भण्डार रहेको र निर्बाध आपूर्ति जारी रहेको बताएका छन्।

**उत्तर प्रदेश अनुसन्धान समिति**

उत्तर प्रदेश सरकारले हमिरपुर जिल्लामा बेतवा नदीमा निर्माणाधीन पुल भत्किँदाको अनुसन्धान गर्न दुई उच्चस्तरीय समिति गठन गरेको छ। दुर्घटनामा छ जना कामदारको मृत्यु भएको छ।जिल्ला प्रशासन र उत्तर प्रदेश पुल निगमद्वारा गठित समितिहरूले अनुसन्धान सुरु गरेको छ। हमिरपुर जिल्ला मजिस्ट्रेट अभिषेक गोयल अनुसार जिल्ला प्रशासनद्वारा गठित तीन सदस्यीय अनुसन्धान समितिको नेतृत्व अतिरिक्त जिल्ला मजिस्ट्रेटले गर्छन्। समितिले घटनासँग सम्बन्धित सबै प्रशासनिक, प्राविधिक र प्रक्रियागत पक्षहरूको अनुसन्धान गरिरहेको छ।

**Hockey-U18-Asia-India**

जापानमा भएको पुरुष अण्डर-१८ हक्की एसिया कपमा हिजो भारतीय टोलीले पूल ए को खेलमा कोरियालाई ४-१ ले पराजित गर्‍यो। कप्तान केतन कुशवाहाले तेस्रो र ३६ औं मिनेटमा गरेका दुई उत्कृष्ट गोलले भारतलाई पहिलो पाँच मिनेटमै अग्रता दिलायो। पाँचौं मिनेटमा वरिन्दर सिंह र ५४ औं मिनेटमा शाहरुख अलीले गरेको गोलले जित सुनिश्चित गर्‍यो। कप्तान युन जाओकले २१ औं मिनेटमा कोरियाको एक मात्र गोल गरे।पूल ए मा भारत जापान र कोरियासँग ६ अंकमा बराबरीमा छ। पूलका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछ। भारतको अर्को खेल भोलि चाइनिज ताइपेईसँग हुनेछ।